
जिल्ला वस्तुगत विवरण, उदयपुर (District Profile, Udayapur)

जिल्ला वस्तुगत विवरण, उदयपुर
(District Profile, Udayapur)
२०८०



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क कार्यालय, उदयपुर
(उदयपुर, खोटाङ)
फोन नं. ०३५-४२०१०९
Email:- soudayapur@gmail.com

जिल्ला वस्तुगत विवरण, उदयपुर
(District Profile , Udayapur)
२०८०

पुस्तकको नाम : **जिल्ला वस्तुगत विवरण, उदयपुर**

प्रकाशक :

तथ्याङ्क कार्यालय, उदयपुर (उदयपुर, खोटाङ)

फोन नं. ०३५–४२०१०९

Email:- soudayapur@gmail.com

प्रकाशन मिति : २०८०, असार

दोस्रो संस्करण : २०७९/०८०

सम्पादक :

शिवनारायण महतो

लेखक :

इशु कुमार कार्की, मनोज कुमार मेहता,
अशोक कुमार यादव, भोजराज गुरागाईं, संगिता कार्की

तथ्यांक संकलन :

शिव नारायण महतो, भोजराज गुरागाईं, संगिता कार्की
अमित कर्ण र राम कुमार राउत

मुद्रण तथा कम्प्यूटर :

न्यू पशुपति छापाखाना, गाईघाट, उदयपुर

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन: ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२९४०६

फ्याक्स: ९७७-१-४२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्र संख्या:

च.नं.:-

शुभकामना सन्देश

समयसापेक्ष र विश्वसनीय तथ्याङ्क योजना तथा नीति निर्माणका लागि आधारशीला हो । देशको केन्द्रीय तथ्याङ्कीय निकायका रुपमा राष्ट्रिय तथ्याङ्क कार्यालयले गणना र सर्वेक्षणहरूमार्फत जनसाङ्ख्यिक, आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्क निरन्तर संकलन, उत्पादन र वितरण गर्दै आएको तथ्य सर्वविदितै छ । नेपालको संविधानले अङ्गीकार गरेको तीन तहको सरकारले आआफ्नै नीति, योजना र विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने भएको हुँदा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहसम्मको खण्डीकृत तथ्याङ्कको माग तीव्र गतिमा बढिरहेको छ । गणनाहरू बाहेक नमुना सर्वेक्षणबाट स्थानीय स्तरको अझ वडास्तरको आर्थिक, सामाजिक र वातावरणीय तथ्याङ्क उपलब्ध गराउन प्रणालीगत सुधार गर्नुपर्नेछ ।

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई अलग्गै तथ्याङ्कीय अधिकार निर्दिष्ट गरेको प्रसङ्ग स्मरणीय छ । सुदृढ तथ्याङ्कीय पूर्वाधार र प्रणालीको अभावमा स्थानीय तहले आआफ्नो तहको खण्डीकृत तथ्याङ्क उत्पादन गर्न सहज छैन । तथ्यमा आधारित नीति निर्माणका लागि अपरिहार्य मानिएको स्थानीय तहसम्मको खण्डीकृत तथ्याङ्कको स्रोत वा विकल्प के त भन्ने प्रश्न उठ्न सक्छ । राष्ट्रिय तथ्याङ्क कार्यालयमातहतका ३३ तथ्याङ्क कार्यालयहरूले विगत तीन दशकयता जिल्ला तहको जिल्ला वस्तुगत विवरण (Distrcit Profile) का विभिन्न संस्करणहरू प्रकाशन गर्दै आएको तथ्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई अवगत नै छ । यी जिल्ला वस्तुगत विवरणहरूको तयारीमा राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेका जनगणना, कृषिगणना र आर्थिक गणनाका तल्लो प्रशासनिक एकाइसम्मका तथ्याङ्क र विभिन्न आवधिक सर्वेक्षणहरूले उपलब्ध गराएका जिल्लास्तरीय र सहरी एवं ग्रामीण तहका अनुमानहरू समाविष्ट हुने गर्छन् । त्यसबाहेक तथ्याङ्क कार्यालयहरूले जिल्ला र स्थानीय तहबाट सेवा प्रवाहका सिलसिलामा सिर्जित प्रशासनिक अभिलेखहरूलाई समेत आवश्यक प्रशोधन गरी जिल्ला वस्तुगत विवरण तयार गर्दैआएका छन् ।

यसरी उत्पादन हुने जिल्ला वस्तुगत विवरणहरू नीतिनिर्माता, योजनाविद् र अध्येताहरूलाई अत्यन्त उपयोगी हुने गरेको हामीले महसुस गरेका छौं । यहाँ यो पनि उल्लेख गर्नु उपयुक्त हुन्छ कि राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार गरेको स्तरीय ढाँचाअनुसार जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले प्रकाशन गर्ने जिल्ला वस्तुगत विवरणहरू बढी आधिकारिक र तथ्याङ्कीय दृष्टिले सबल हुन्छन् । चालु आर्थिक वर्षमा कतिपय तथ्याङ्क कार्यालयहरूले जिल्ला वस्तुगत विवरण प्रकाशन गर्न लागेको सन्दर्भमा हामीलाई विश्वास छ कि यस्ता वस्तुगत विवरणहरूले जिल्ला र स्थानीयस्तरको ठुलो खाँचो एक हदसम्म परिपूर्ति गर्नेछन् । स्थानीय तहको नीतिनिर्माण र योजना तर्जुमामा यी प्रतिवेदनहरूले सार्थक योगदान गर्ने विश्वास लिएको छु ।

नगरपालिका, गाउँपालिका र वडास्तरसम्मका तथ्याङ्क सङ्ग्रहित गहन र उपयोगी जिल्ला वस्तुगत विवरण तयार गरी प्रकाशनमा ल्याउने सम्बद्ध सबै तथ्याङ्क कार्यालयहरूको औचित्य पुष्टी गर्न पनि यो प्रकाशन एक सुअवसर हो । खास गरी यसको तथ्याङ्क संकलनदेखि, सम्पादन र प्रकाशनको चरणसम्म संलग्न सबै कर्मचारीहरूलाई म धन्यवाद दिन चाहन्छु । आगामी दिनमा यसका नवीन र परिमार्जित संस्करण प्रकाशन हुने विश्वास लिएको छु ।

असार, २०८०

रामप्रसाद थपलियाँ
प्रमुख तथ्याङ्क अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

फोन न. ०३५-४२२१३३
इमेल :-daoudayapur@moha.gov.np
कोशी प्रदेश, नेपाल

प.सं. ०७९/८०
च.नं. २९३३

शुभ-कामना

राष्ट्रिय जनगणना २०७८, आर्थिक गणना २०७५ र विभिन्न कार्यालयहरुको विवरण समेटेर तथ्याङ्क कार्यालय उदयपुरले प्रकाशन गर्न लागेको "जिल्ला वस्तुगत विवरण उदयपुर, २०८०" नामक पुस्तक प्रकाशन गर्न लागेकोमा शुभकामना दिन पाउँदा अत्यन्त खुशी लागेको छ।

नेपालमा विभिन्न समयमा गरिने जनगणना तथा शिक्षा, स्वास्थ्य, पूर्वाधार क्षेत्र र सेवा प्रवाहको अवस्था मापन गर्नका लागि प्रकाशन गरिने जिल्लागत वस्तुगत विवरणले यस जिल्लाको जनसंख्या,आर्थिक अवस्था, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, भौतिक पूर्वाधार, यातायात, विद्युत क्षेत्र लगायत समग्र सार्वाजनिक सेवा प्रवाहको अवस्थाको उजागरबाट जिल्लाको समग्र वस्तुस्थिति तथा वास्तविक रुपमा सुशासनको अवस्था मापन गर्न प्रस्तुत पुस्तकले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, सही समय र अवस्थामा यस वस्तुगत विवरण प्रकाशन गरी समग्र जिल्लाको सम्भावना र अवसरहरुको पहिचान गरी जिल्लालाई विकास निर्माणको क्षेत्रमा योजनाबद्ध ढंगबाट अघि बढाउन तथ्याङ्कीय रुपबाट यस पुस्तिका मार्फत मद्दत पुऱ्याउने प्रयास गरेकोमा तथ्याङ्क कार्यालय उदयपुरलाई बिशेष धन्यबाद दिदैं आगामी दिनहरुमा समेत अझ प्रभावकारी रुपमा आफ्ना गतिविधिहरुलाई अगाडी बढाउँदै यस किसिमका प्रकाशनहरुको निरन्तरताको अपेक्षा समेत राख्दै प्रकाशन कार्यमा संलग्न सबैलाई धन्यबाद दिँदै तथ्याङ्क कार्यालयका रचनात्मक प्रयासहरुको सफलताको शुभ-कामना व्यक्त गर्दछु। धन्यवाद !

मितिः- २०८०।०३।०८

.....
जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी

प्रकाशकीय



प्रभावकारी योजनाहरुको तर्जुमा र तोकिएका लक्ष्यहरुको मूल्यांकनका लागि सम्बन्धित क्षेत्रको वस्तुस्थिति झल्किने तथ्याङ्कको आवश्यकता पर्दछ । तथ्याङ्क एवं सुचना कुनैपनि विकास गतिविधि सञ्चालनका लागी आधारभुत स्तम्भ हो । सूचना सधैं तथ्यमा आधारित हुनुपर्छ । तथ्याङ्कले सूचनालाई भरपर्दो बनाउने भएकोले यसको आधारबाट योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन यथार्थपरक बनाउन मिल्दछ । हाम्रो देशमा क्षेत्रगत तथ्याङ्क एवं सूचना विषयगत निकायले संकलन तथा विश्लेषण गरी प्रयोगमा ल्याएपनि राज्यलाई आवश्यक पर्ने आधारभूत र समष्टिगत तथ्याङ्क भने राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्दै आएको छ र यसैलाई आधिकारिक मानिन्छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका साथै अन्य तथ्याङ्क उत्पादन गर्ने निकायहरुका विभिन्न प्रकाशनहरुमा छरिएर रहेका आंकडाहरुलाई एकीकृत रुपमा सरल ढंगले प्रस्तुत गरिएको यस जिल्ला वस्तुगत विवरणले जिल्ला स्थित संघीय तथा प्रादेशिक कार्यालयहरु र स्थानीय तहहरुलाई योजना निर्माण गर्न र सो लक्ष्य अनुसार कार्य भए नभएको मूल्यांकन समेत गर्न सहयोग पुऱ्याउने छ । यसका साथै जिल्लास्थित तथ्याङ्क प्रयोगकर्ता (data users) हरुका लागी समेत यो प्रकाशन अत्यन्त उपयोगी हुने अपेक्षा लिएको छु । यस जिल्ला वस्तुगत विवरणमा राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय आर्थिक गणना २०७५, जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु तथा यस जिल्लाका सबै स्थानिय तहहरुबाट आर्थिक, सामाजिक, जनसांख्यिक विवरणहरु संकलन गरी तयार गरिएको यस प्रकाशनले यस जिल्लाको विभिन्न गाउँपालिका र नगरपालिकाको कृषि, उद्योग, व्यापार, यातायात, विद्युत, शिक्षा, स्वास्थ्य लगायत समग्र सार्वजनिक सेवा प्रवाहको मापनको माध्यमबाट जिल्लाको समग्र वस्तुस्थिति तथा वास्तविक रुपमा सुशासनको अवस्था मापन गर्न र तथ्यमा आधारित योजना तर्जुमा गर्न सघाउ पुर्याउनेछ भन्ने आशा एवं विश्वास लिएको छु । यसमा हुन सक्ने सम्भावित कमी कमजोरी तथा गल्तीलाई औंल्याई यसलाई सुधार गर्ने कार्यमा सहायता गरिदिनु हुनका साथै अमूल्य सुझाव र सल्लाहको लागि सम्पूर्ण पाठक वर्गहरुलाई हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, यो पुस्तक तयार गर्न विभिन्न कार्यालयबाट तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने सम्बन्धित कार्यालयका प्रमूख, सुचना अधिकारी, सूचना प्रविधि अधिकृत तथा अन्य कर्मचारीहरुमा आभार प्रकट गर्दै उक्त तथ्याङ्क संकलनमा सहयोग गर्नु हुने यस कार्यालयका गणक संगिता कार्की, खरिदार भोजराज गुरागाईं र कार्यालय सहयोगी अमित कर्ण तथा यी स्रोतहरुबाट प्राप्त तथ्यांकलाइ लीपिवद्ध गर्नलाई सहयोग गर्ने यस कार्यालयका सुपरिवेक्षक इशु कुमार कार्की, सुपरिवेक्षक मनोज कुमार मेहता, गणक अशोक कुमार यादव, गणक संगिता कार्की र खरिदार भोजराज गुरागाईंलाइ धेरैधेरै धन्यवाद ज्ञापन गर्दछु । साथै यस पुस्तकको डिजाइन तथा प्रकाशन गरी सहयोग गर्नु हुने पशुपति छापाखानाका सम्पूर्ण टीम प्रति अभार व्यक्त गर्दछु । धन्यवाद !

मिति :- २०८० असार
शिवनारायण महतो
तथ्यांक अधिकृत
तथ्यांक कार्यालय, उदयपुर

विषय सूची

शिर्षक	पेज नं.
खण्ड १ : जिल्लाको परिचय	**१-१०**
१.१ भौगोलिक अवस्थिति	१
१.२ राजनीतिक सिमाना	१
१.३ प्रशासनिक विभाजन	२
१.४ भूक्षेत्र, भूक्षय, भूउपयोग तथा जलभण्डार	२
१.५ जलवायु र जलभण्डार	४
१.६ प्राकृतिक वन तथा वनस्पति	५
१.७ प्रमुख पर्यटकीय, ऐतिहासिक तथा अन्य स्थानहरु	५
१.८ सहरीकरण तथा बस्ती विकासको स्वरुप	६
१.९ जातजाति, भाषा, धर्म	६
१.१० स्थानीय तहहरूको आधारभूत विवरण	७
१.११ स्थानीय तहहरुको आधारभूत विवरण	१०
खण्ड २ : जनसांख्यिक तथा पारिवारिक विवरण	**११-६२**
२.१ जनसांख्यिक विवरण	११
२.१.१ जनसंख्याका विभिन्न पक्षहरु	११
२.१.२ उमेर लिङ्ग समुह अनुसार जनसंख्या	१२
२.१.३ जनसंख्या पिरामिड	२०
२.१.४ वार्ड अनुसार जनसंख्या, लिङ्ग, औषत परिवार आकार, लैङ्गिक अनुपात र साक्षरता	२१
२.१.५ जातजाति	२४
२.१.६ धर्म	२७
२.१.७ मातृभाषा	२७
२.१.८ दोस्रो भाषा	२९
२.१.९ पुर्खाको भाषा	३१
२.२ अपाङ्गता सम्बन्धि विवरण	३३
२.३ बसाईँसराई	३५
२.४ अनुपस्थित जनसंख्या सम्बन्धि बिबरण	३७
२.५ वैवाहिक स्थिति तथा पहिलो विवाहको उमेर	३९
२.६ प्रजनन सम्बन्धि विवरण	४३
२.७ बालबालिका सम्बन्धि विवरण	५१
२.७.१ १८ वर्ष मुनिका बालबालिकाहरुको बसोबासको स्थिति	५१
२.७.२ ५ देखि १८ वर्ष मुनिका बालबालिकाहरुको बसोबासको स्थित र साक्षरता	५२
२.७.३ पाँच वर्ष र सो भन्दा मुनिका बालबालिकाको जन्मदर्ता सम्बन्धी विवरण	५३
२.८ नागरीकताका आधारमा जनसंख्या	५४
२.९ लिंग र उमेर समुह अनुसार परिवारमूलीको बिबरण	५४
२.१० परिवार सदस्य संख्याका आधारमा परिवारको स्थिति	५५
२.११ पारिवारिक बिबरण	५६

२.११.१ परिवारले प्रयोग गरेको घर सम्बन्धि बिबरण ५६
२.११.२ जिल्लामा परिवारले प्रयोग गरेको पिउने पानी, खाना पकाउने ईन्धन, बत्तिको स्रोत तथा शौचालय सम्बन्धि बिबरण ५९
२.११.३ परिवारले प्रयोग गरेको सुबिधा स्थिति ६१
२.११.४ महिलाका नाममा घर जग्गा भएका घरपरिवार ६२
खण्ड ३ : शैक्षिक तथ्याङ्क ६३-७०
३.१ स्थानीय तह अनुसार साक्षरता प्रतिशत ६३
३.२ खण्डीकृत साक्षरता तथ्याङ्क ६३
क) प्रत्येक स्थानिय तहमा कक्षागत रुपमा पढिरहेका विधार्थीहरु ६३
ख) साक्षरताको अवस्था ६४
ग) ५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको जनसंख्या ६५
घ) १५ वर्ष र सोभन्दा माथीको जनशक्तीले अध्ययन गरेको विषय क्षेत्र ६५
ङ) १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेका व्यक्तिको अध्ययनको क्षेत्र अनुसारको जनसंख्या (१५-२४ वर्षको लागि) ६६
च) हाल विद्यालय/क्यामपस गइरहेका ५ देखी २५ वर्ष उमेर समूहका विद्यार्थीको संख्या ६६
छ) उत्तीर्ण गरेको तह ६७
३.३ उदयपुर जिल्लाभित्र संचालित विद्यालय, प्राविधिक धारका विद्यालय र क्याम्पसको विवरण ६८
खण्ड ४ : स्वास्थ्य तथ्याङ्क ७१-७४
४.१ स्वास्थ्य संस्था ७१
४.२ स्वास्थ्यकर्मीको संख्यात्मक विववरण ७१
४.३ स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत र दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने प्रतिशत ७२
४.४ खोप कभरेज (बी.सी.जी., डी.पी.टी., हेपाटाइटिस बी, दादुरा, पोलियो, टी.टी.) ७२
४.५ तौल अनुगमन (प्रतिशतमा) ७३
४.६ परिवार नियोजन (आ.व. २०७८/०७९) ७३
४.७ प्रमुख रोगहरू (आ.व. २०७८/०७९) ७३
४.८ पोषणसम्बन्धी तथ्याङ्क (भिटामिन ए, आइरन चक्की, जुकाको औषधी) ७४
खण्ड ५ : आर्थिक क्रियाकलाप र रोजगारी ७५-९३
५.१ राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार जिल्लाको अर्थतन्त्रको संरचनात्मक स्वरूप ७५
क) औद्योगिक वर्गिकरण अनुसार प्रतिष्ठानहरुको संख्या ७५
ख) औद्योगिक वर्गिकरण अनुसार व्यक्तीहरुको संलग्नताको संख्या ७६
ग) औद्योगिक प्रतिष्ठानमा १ वर्ष भित्र काम गर्ने कार्य दिनका आधार व्यक्तीहरुको संलग्नताको संख्या ७६
घ) व्यवसाय सुरु गरेको वर्षका आधारमा प्रतिष्ठानहरुको संख्या ७६
ङ) भवनहरुको स्वामित्वका आधारमा प्रतिष्ठानहरको संख्या ७७
च) व्यवसाय संचालन गरेको जग्गाको स्वमित्वका आधारमा प्रतिष्ठानहरुको संख्या ७७
छ) व्यवसायले ओगटेको क्षेत्रफलका आधारमा प्रतिष्ठानको संख्या ७७
ज) व्यवसायिक स्थानका आधारमा प्रतिष्ठानहरु ७८
५.२ राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक क्रियाकलाप सम्बन्धि विवरण ७८
क) आर्थिक काममा संलग्नता भएको समयका आधारमा १० वर्ष भन्दा माथि जनसंख्या ७८
ख) पेशाको वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको जनसंख्या: ७९

ग) औद्योगिक क्षेत्र वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको जनसंख्या ८०
घ) आर्थिक रुपमा सक्रिय र निस्कृय जनसंख्या (१० वर्ष भन्दा माथि) ८२
ङ) शिक्षा र आर्थिक क्रियाकलाप अनुसार १० वर्ष भन्दा माथिको जनसंख्या ८२
च) पेशा वर्गिकरण अनुसार १० वर्ष माथिको उमेर समुहको जनसंख्या ८३
छ) मुख्य पेशा र मुख्य औद्योगिक वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको सक्रिय जनसंख्या ८४
ज) शिक्षा र मुख्य पेशा वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ८५
झ) शिक्षा र मुख्य औद्योगिक वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ८५
ञ) रोजगारीको अवस्था र उमेर समुह अनुसार १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ८६
ट) रोजगारीको अवस्था र मुख्य पेशा वर्गिकरणका आधारमा १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ८७
ठ) रोजगारीको संस्थागत क्षेत्र र स्थानीय तह अनुसार १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ८८
ड) रोजगारीको संस्थागत क्षेत्र र पेशा वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ८९
ढ) रोजगारीको संस्थागत क्षेत्र र मुख्य औद्योगिक वर्गिकरण अनुसार १० वर्ष भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्या ९०
ण) आर्थिक रुपमा वढि सक्रिय नहुनुको कारणका आधारमा वर्षमा ६ महिना भन्दा कम वा काम नै नगरेका १० वर्ष भन्दा वढी उमेरको जनसंख्या ९३

खण्ड ६ : कृषि, वन तथा वातावरण तथ्यांक ९४-१०३

६.१ कृषि ९४
६.१.१ जिल्लाको भू उपयोग स्थिति ९४
६.१.२ स्थानीय तह अनुसार कृषि तथा पशु सम्बन्धि विवरण ९४
६.१.३ जिल्ला बाहिर निकासी भएका कृषिजन्य वस्तुहरुको विवरण ९६
६.१.४ आ. ब. २०७८/७९ मा उत्पादन भएका बालीहरु ९६
६.१.५ आ. ब. २०७९/८० मा उत्पादन भएका बालीहरु ९७
६.१.६ आ. ब. २०७८/७९ को दुधजन्य तथा मासुजन्य पदार्थको उत्पादन परिमाण र मुल्य ९७
६.१.७ आ. ब. २०७९/८० को दुधजन्य तथा मासुजन्य पदार्थको उत्पादन परिमाण र मुल्य ९७
६.१. ८ जिल्लामा रहेका एग्रोभेटहरुको विवरण ९८
६.२ वन ९८
६.२.१ वनको किसिम ९९
६.२.२ डिभिजन वन कार्यालय अन्तर्गतको विभिन्न किसिमका वनहरुको विवरण १००
६.२.३ नगरपालिका/गाउंपालिका अनुसार वन तथा खानी र खनिज सम्बन्धि विवरण १००
६.३ फोहोरमैला उत्पादन तथा व्यवस्थापन १०२

खण्ड ७ : उधोग तथा बाणिज्य १०४-१०९

७.१ घरेलु तथा साना उद्योग कार्यालय, उदयपुरमा आ.व.२०७८/०७९ दर्ता भएका प्रतिष्ठानको प्रकृति संख्या १०४
७.२ उदयपुर सिमेण्ट उद्योग लि. बाट त्रैमासिक रुपमा उत्पादन हुने सिमेण्ट मुल्य १०४
७.३ उदयपुर जिल्लाका विभिन्न स्थानीय तहहरुमा रहेका उधोग, बाणिज्य,सहकारी तथा बैंक तथा वित्तीय संस्था विवरण १०४

खण्ड ८ : भौतिक पूर्वाधार ११०-११३

८.१ यातायात ११०
८.२ विधुत ११२
८.३ टेलिफोन ११३

खण्ड ९ : पर्यटन र मनोरञ्जन ११४-११७
९.१ यस जिल्लाको विभिन्न स्थानिय तहमा रहेका केही पर्यटकिय स्थलहरु ११४
खण्ड १० : न्याय, शान्ति तथा सुरक्षा ११८-१२२
१०.१ उदयपुर जिल्ला अदालतमा दर्ता भएका मुद्दाको किसिम, संख्या र फर्छ्यौट सम्बन्धि विवरण ११८
१०.२ स्थानीय तहमा न्यायिक समितिमा विगत आ.व.२०७८/७९ मा परेका मुद्दा तथा किनारा लागेका मुद्दा संख्या ११८
१०.३. जिल्ला प्रहरी कार्यालय, उदयपुरबाट प्राप्त बिवरण ११८
१०.४ उदयपुर जिल्लामा रहेका प्रहरी कार्यालयहरुको बिवरण १२१
१०.५ नागरिकता तथा राहदानी जारी भएको संख्या १२२
१०.६ कैदी बन्दीहरु सम्बन्धि बिबरण १२२
खण्ड ११ : सार्वजनिक सेवा प्रवाह १२३-१२७
११.१ जिल्लास्थित सरकारी कार्यालयहरूको विवरण १२३
११.२ जिल्लास्थित सार्वजनिक संस्थानहरूको विवरण १२५
११.३ स्थानीय तहको विगत पाँच वर्षको आय र व्ययको विवरण १२५
११.४ सूचना तथा संचार १२७
खण्ड १२ : निर्बाचन १२८-१३१
१२.१ यस उदयपुर जिल्लाको मतदाताको संख्या संम्बन्धि बिबरण १२८
१२.२ उदयपुर जिल्लाको स्थानिय तह निर्बाचन, २०७९ १२८
१२.३ प्रतिनिधि सभा/प्रदेश सभा निर्बाचन २०७९ को मत परिमाण १३०
खण्ड १३ : विविध १३२-१३६
१३.१ राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख प्रकाशनहरु १३२
१३.२ आधिकारिक तथ्याङ्कका १० प्रमुख सिद्दान्तहरु १३३
१३.३ जग्गा लिखित पासको विवरण १३४
१३.४ राहदानी/ नागरिकता वितरणको विवरण १३४
१३.५ पालिका अनुसार व्यक्तिगत घटना दर्ताको विवरण १३४
१३.६ तथ्याङ्क कार्यालयको परिचय १३६
खण्ड १४ : जिल्लाको सर्वाङ्गीण विकासका सम्भावना र चुनौतीहरू १३७-१३८
प्रमुख सन्दर्भ सामाग्रीहरु १३९

खण्ड १ : जिल्लाको परिचय

१.१ भौगोलिक अवस्थिति

महाभारत श्रृङ्खलादेखि चुरे पर्वत मालाको भित्री मधेश क्षेत्र भित्र उदयपुर जिल्ला विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित रहेको छ । यो जिल्ला नेपालको कोशी प्रदेश अन्तर्गत सगरमाथा अञ्चलमा पर्दछ । पूर्वतिर साँघुरिएर पश्चिमतिर फुक्दै गएको यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग किलो मिटर (२०६३०० हे.) रहेको छ । भू-बनोटको आधारमा पहाड, बेशी, टार र तराई समेतको भू-भाग ओगट्ने यो जिल्ला क्षेत्रफलको हिसावले नेपालको २० औँ, कोशी प्रदेशको चौथो र सगरमाथा अञ्चलको दोस्रो स्थानमा पर्दछ । यो जिल्लाको सिमानामा उत्तरमा मुख्यतः भोजपुर तथा खोटाङ र ओखलढुङ्गाको केही भाग, पश्चिममा मुख्यतः सिन्धुली र धनुषाको केही भाग, दक्षिणमा सिराहा र सप्तरी जिल्ला एवं पूर्वमा मुख्यतः सुनसरी र धनकुटा जिल्लाको केही भाग रहेको छ । यसरी उदयपुरको सिमानामा ९ जिल्ला पर्दछन, जुन नेपालको धेरै जिल्लासँग सिमाना जोडिएको जिल्लाको दोस्रो स्थानमा पर्दछ । विषम भौगोलिक बनोट रहेको यस जिल्लामा महाभारत श्रृङ्खला अन्तरगत धारिला विकट डाँडाहरु छरिएका र पातलिएका बस्तीहरु छन् भने महाभारत फेदीदेखि चुरे श्रृङ्खला विचमा समथर फाँटहरु र दक्षिणी सिमाना चुरे क्षेत्रमा घना जङ्गल रहेको छ ।

त्रियुगा नदीको किनारमा चुरे र महाभाराततर्फको बीचमा रहेका भित्री मधेसका फाँटहरु मध्ये त्रियुगा नगरपालिका त्रियुगा उपत्यका नामले पनि चिनिन्छ । यही नगरपालिकामा अवस्थित गाईघाट (बोक्से)मा सदरमुकाम रहेको यो जिल्ला समुद्र सतहबाट ३६० मिटरदेखि २३१० मिटर उचाइसम्म रहेको छ ।

उदयपुर जिल्लाको सदरमुकाम गाइघाट कोशी प्रदेशको केन्द्र विराटनगरबाट ११० कि.मी. र मुलुकको राजधानी काठमाडौंबाट २९५ कि.मी. दुरीमा रहेको छ ।

भौगोलिक अवस्थितिः

अक्षांस : २६° ३९' ०" देखि २७° १' १०" उत्तरी अक्षांश

देशान्तर : ८६° ०' ९" दखि ८७° १' ०" पूर्वी देशान्तर

सिमाना

उत्तर : भोजपुर, खोटाङ र ओखलढुङ्गा

पश्चिम : सिन्धुली र धनुषा

दक्षिण : सिराहा र सप्तरी

पूर्व : धनकुटा र सुनसरी

क्षेत्रफल : २०६३ वर्ग किलो मिटर

भौगोलिक विभाजन :- पहाड, तराइ र भित्री मधेस

१.२ राजनीतिक सिमाना

पूर्व-पश्चिम लम्बिएर रहेको यस जिल्लालाई भौगोलिक रुपमा उत्तरमा सुनकोसी, पूर्वमा सप्तकोसी, पश्चिममा कमला र दक्षिणमा चुरे पर्वतले छुट्याएको छ । दक्षिणतर्फको अधिकांश भागको सिमानाको काम चुरे पहाडले

गरी सिराहा र सप्तरीसँग छुट्याएको छ । पश्चिममा अफगानिस्तानदेखि सुरु भएर लगातार हानिदै आएको चुरे पहाड यसै जिल्लामा आएर अन्त्य हुन्छ । पहिला उदय नाम गरेको राजाले यस जिल्लामा शासन गरेको हुँदा यस जिल्लाको नाम उदयपुर रहन गएको भन्ने किम्बदन्ती पनि सुनिन्छ । वि.सं २०२८ भन्दा अगाडि यस जिल्लाको सदरमुकाम हालको पञ्चावती गाविसमा पर्ने उदयपुरगढी भन्ने ठाउँमा थियो । विसं २०२८, जेठ ९ गतेदेखि यस जिल्लाको सदरमुकाम गाईघाटमा सारिएको छ । जुन महेन्द्र राजमार्गको कदमाहादेखि २७ किमि उत्तरमा रहेको छ । यो जिल्ला महाभारत श्रृङ्खला र चुरे पर्वत श्रृङ्खलाविच रहेकाले महाभारत श्रृङ्खला अन्तर्गत धारिला, बिकट, डाँडाहरु, छरिएका र पातलिएका बस्तीहरु छन् भने महाभारत फेदीदेखि चुरे श्रृङ्खलाविचमा समथर फाँटहरु र दक्षिणी सिमाना चुरे क्षेत्रमा जङ्गल रहेको छ । महाभारत र चुरे श्रृङ्खलाको विचमा दुइवटा ठुला ठुला लाम्चो आकारको समथर फाँट भएको हुँदा यस जिल्लालाई भित्री मधेसको रुपमा पनि गणना गरिन्छ ।

१.३ प्रशासनिक विभाजन

यस जिल्लामा २ वटा प्रतिनिधी सभा निर्वाचन क्षेत्र, ४ वटा प्रदेश सभा निर्वाचन क्षेत्र , ८ वटा स्थानीय तह (४ नगरपालिका र ४ गाउँपालिका) रहेका छन् ।

१.४ भूक्षेत्र, भूक्षय, भूउपयोग तथा जलभण्डार

क) भूक्षेत्र

यस जिल्लाको भित्री मधेसका फाँटहरु समुद्री सतहदेखि ३६० मिटरदेखि बढीमा २३१० मिटर उचाईसम्मका पहाडहरु रहेका छन् । भूबनोटको आधारमा यस जिल्लालाई ३ प्रकारको धरातलीय स्वरुपमा बाँड्न सकिन्छ ।

अ) पहाडी भूभाग

उत्तरमा सुनकोसी नदी र दक्षिणमा महाभारतको उपल्लो भागसम्म पहाडी भूभाग पर्दछन् । जिल्लाको करिब ६० % भाग यस भूभागले ढाकेको छ । करिब ११०० मि. देखि २३१० मिटरसम्मको उचाई रहेको यस क्षेत्रमा लेखानी, माझखर्क (नामेटार), रौता पोखरी जस्ता अग्ला डाँडा एवं टाकुरा पर्दछन् ।

आ) बेसी र टार

करिब ५५० मिटरदेखि ११०० मिटरसम्मको उचाई रहेको यस धरातलीय स्वरुपमा महाभारत उपल्लो भागदेखि दक्षिणमा तराईको भूभाग छेउछाउसम्म ढाकेको छ । जिल्लाको करिब ९% भूभाग समेटेको यस क्षेत्रमा नेपालटार, मुर्कुची र मैनटार जस्ता साना उपत्यकाहरु र बाहुनीटार, भुट्टार, हर्देनी जस्ता बेसी एवं खोंचहरु पर्दछन् ।

इ) तराई भू-भाग

समुद्री सतहदेखि ३६० मिटरदेखि ५५० मिटरसम्मको उचाईमा अवस्थित यस भूभागले भित्री मधेसको रुपमा चिनिने यस जिल्लाको करिब ३१% क्षेत्र ओगटेको छ । मुख्य रुपमा त्रियुगा र तावा खोलाको सीमावर्ती क्षेत्रमा पर्ने यस धरातलीय स्वरुपको दक्षिण भागमा चुरे पहाड पर्दछ । यो क्षेत्र नदी कटान समस्याले ज्यादै ग्रसित छ । जिल्लाको प्रमुख स्थानहरु गाईघाट, कटारी , बेल्टार, रामपुर,नेपालटार यसै भागमा पर्दछन् ।

ख) भूक्षय सम्भावित क्षेत्र

यस जिल्लाको करिब ६० % भूभाग पहाडी भूभागले ढाकेको हुँदा अधिकांश जमिन भिरालो रहेको छ । भूसंरक्षण र बनोट जटिल र कमजोर भएको कारण यस जिल्लाको धेरै भाग पहिरोको लागि संवेदनशील देखिन्छ । अधिकांश क्षेत्र पहाडी भएकोले जमिनको माथिल्लो सतहको मलिलो माटो बगेर तल्लो क्षेत्रतिर जाने गर्दछ । यसबाट वर्षेनी बाढी तथा नदी कटानको समस्याका साथै नदी खोलाको पिंध अत्याधिक मात्रामा बढिरहेको छ । नेपालको तराई क्षेत्रमा प्रतिवर्ष औसत १५ सेमिका दरले नदीको पिंध माथि उठ्छ भन्ने तथ्याङ्क भए तापनि उदयपुरमा यो करिब १ मिटर जति रहेको अनुमान छ । यदि यही क्रममा खोला, नदीको पिंध बढ्ने हो भने अब केही वर्षमा बस्ती, खेतीपाती भएको ठाउँमा नदी, खोला बग्ने र पहिले खोला भएको ठाउँमा ढिस्को देखिन सक्छ । पहाडी भागको मलिलो माटो बग्ने तथा जग्गा भूक्षयको कारणले ठाउँ ठाउँमा गल्छी बनी क्षतविक्षत भइरहेका हुँदा यस जिल्लाको जग्गाको उर्वराशक्तिमा ह्रास आई जनताको जीवनस्तर दिन प्रतिदिन खस्कदो अवस्थामा रहेको छ । भूक्षय तथा तल्लो क्षेत्र पुरिने समस्या अत्याधिक मात्रामा चुरे क्षेत्रको तल्लो भागमा रहेको छ । यहाँ वर्षेनी कैयौं टन माटो चुरे पहाडबाट बगेर आई नजिकको तल्लो क्षेत्र बलौटे माटोले पुरिने प्रक्रिया भइरहेको छ । यस्तै समस्या महाभारतबाट वर्षामा बगेर आउने माटोले पनि सिर्जना गरेको छ ।

ग) भू-उपयोग

अ) ग्रामिण क्षेत्रमा वर्तमान भू-उपयोग

यस जिल्लाको धेरैजसो भाग ग्रामीण क्षेत्रमा पर्दछ । त्रियुगा नगरपालिका, कटारी नगरपालिका, चौदण्डीगढी नगरपालिका र बेलका नगरपालिकाको समित घना शहरी क्षेत्र बाहेक यी नगरपालिका र अरु सबै गाउँपालिकाको सबै भाग ग्रामीण क्षेत्रमा पर्दछ । जिल्लाको कुल क्षेत्रफल २,०६,३०० हेक्टर जमिनमध्ये जम्मा ३०,९४४ हेक्टर जमिन (१५ %) मात्र खेतीयोग्य जमिन रहेको छ । कुल खेतीयोग्य जमिनमध्ये जम्मा ८,७६७ हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध छ । यस जिल्लाको ७२.९८% भू-भाग बनजङ्गल तथा बुट्यानले ढाकेको छ भने नदीनाला तथा आवासले करिब ५.३४% भूभाग ओगटेको छ । यस जिल्लाका करिब ४.४२% भूभाग चरनले ढाकेको छ ।

आ) सहरी क्षेत्रमा वर्तमान भू-उपयोग

नगरपालिका क्षेत्रलाई मात्र सहरी क्षेत्रको रुपमा लिने हो भने यस जिल्लामा ४ वटा नगरपालिकाहरु छन जसमा त्रियुगा नगरपालिका, कटारी नगरपालिका, चौदण्डीगढी नगरपालिका र बेलका नगरपालिका रहेका छन । जसको समित घना क्षेत्र मात्रै शहरी क्षेत्र मान्न सकिन्छ । तर नेपालटार र मुर्कुची जस्ता नगरोन्मुख बजारहरु गाउँपालिकामा रहेता पनि यी क्षेत्रहरु समेत शहरी भूभागमा राख्न सकिन्छ ।

घ) माटोको बनावट र उर्वराशक्ति :

उदयपुर जिल्ला नदी तथा खोलानालाहरुको जिल्ला भएको हुनाले नदी तथा खोला आसपासको जग्गा पाँगो माटो र अन्य ठाउँहरुमा दोमट, बलौटे दोमट, चिम्टाइलो किसिमको माटो पाइन्छ । माटोको परीक्षण विवरण अनुसार यस जिल्लाको माटो फाटफुट रुपमा मात्र अम्लीय र क्षारीय भएको र बाँकी तटस्थ किसिमको भएको

पाइएको छ । जिल्लाको ठुलो क्षेत्रफल पहाड र पाखाहरुले भरिएको हुँदा कृषिको लागि उपयोगी क्षेत्र सीमित छ । सामान्यतः पुरातन कृषि प्रणालीमा धान, मकै, कोदो, गहुँ यस जिल्लाका प्रमुख बाली हुन् । यिनको उत्पादकत्व पनि खास गरी समथर भूभागमा बढी छ । जिल्लाको पहाडी क्षेत्र र भिरालो पाखाहरुमा सुन्तला,कागती, नास्पाती, अलैंची आदि खेती हुने देखिए तापनि बजार एवं वित्तीय संस्थाहरुको अभावमा त्यत्ति विकास हुन सकेको छैन । यस जिल्लाको सम्पूर्ण भूभागको जम्मा १५ % मात्र खेती योग्य जमिन रहेको छ । कुल ३०९४४ हेक्टर खेतीयोग्य भूमिमध्ये बाह्रै महिना सिंचाइ हुने जमिन जम्मा ८१५० हेक्टर र वर्षायाममा मात्र सिंचाइ हुने भूमि ७ हजार हेक्टर रहेको छ । सिंचाइ नहुने पाखो १५७९४ हेक्टर रहेको छ ।

ङ) भिरालोपन

उदयपुर जिल्लाको धेरै जसो भूभाग पहाडी भएको हुँदा भिरालो छ । जमिनको भिरालोपन जति बढी भयो भूक्षयको सम्भावना पनि त्यत्ति नै बढी हुन्छ । पर्यावरणीय दृष्टिकोले १८ %सम्म भिरालोपन भएको जमिनमा (९० डिग्रीलाई शत प्रतिशत भिरालोपन मान्दा) ज्यादै न्यूनतम भूक्षय हुन्छ । त्यसकारण कतिपय विकसित मुलुकहरुमा १८ % भन्दा बढी भिरालोपन भएको जमिनको उपयोगमा नियन्त्रण गरेको हुन्छ भने ५० %भन्दा बढी भिरालोपन भएको भूमिलाई पूर्णरुपमा संरक्षित भूमिको रुपमा राखेको हुन्छ (रायोआ, २०५७) । तर नेपालमा यस किसिमको कुनै नीति अपनाइएको छैन । भौगोलिक रुपले उदयपुर जिल्लालाई तराई र भित्री मधेस, उच्च पहाड र मध्ये पहाड गरी ३ भागमा विभाजित गरिएको छ । उच्च र मध्य पहाडी भागको धेरै जसो भाग ३० डिग्रीभन्दा बढी भिरालोपन भएकोले यस क्षेत्रमा खेती योग्य भूमि कम छ ।

१.५) जलवायु र जलभण्डार

क) जलवायु

मनसुनी हावापानी भएको यस जिल्लामा हावापानीको विशेषता जेष्ठ, आषाढदेखि भाद्र र असोजसम्म बढी पानी पर्ने र हिउँद याममा कम वर्षा हुने गर्दछ । यस जिल्लाको अधिकतम तापक्रम ४१० सेल्सियस र न्यूनतम तापक्रम सरदर १६० सेल्सियस छ भने वर्षा सरदर २,१५२ मिलिमिटर छ । कुल वर्षामध्ये करिब ८०% मनसुनी वर्षा र २०% आग्नेय वर्षा हुने गरेको छ । यहाँको हावापानीलाई भूभागको उचाइ, सामुद्रिक दुरी, पर्वतको मोहडा, हिमाली अक्षांश आदिले प्रभावित पारेको छ । भौगोलिक वनावटका आधारमा यस जिल्लामा उष्ण हावापानी र न्यानो समशीतोष्ण हावापानी दुइ खालका जलवायु भए तापनि २१०० मिटरभन्दा माथि उचाइ (२१००-२३१०० मि.) मा ठन्डा समशीतोष्ण हावापानी पनि रहेको छ । क्षेत्रफलको हिसाबले ८०.६% भू-भाग उष्ण, १८.८% भू-भागमा न्यानो समशीतोष्ण र ०.६% भू-भागमा ठन्डा समशीतोष्ण जलवायु रहेको पाइन्छ ।

ख) जलभण्डार

जिल्लाको पानीका स्रोतको रुपमा साना तथा ठुला नदी तथा पोखरीहरु रहेका छन् । पोखरीहरुमा रौता पोखरी, सुके पोखरी, ताप्ली पोखरी, जोगिदह चुरे जङ्गलको पोखरी र झिल्के पोखरी जस्ता साना पोखरीहरु भए तापनि उल्लेखनीय रुपमा ठुला ताल तलैयाहरु छैनन् । यस जिल्लाको सबभन्दा ठुलो नदी त्रियुगा हो । अन्य दुइ प्रमुख नदीहरुमा तावा खोला पश्चिमी क्षेत्र र वैद्यनाथ खोला मध्य भाग हुँदै तावा खोलामा मिसिन पुग्छन् ।

यस जिल्लामा रहेका अन्य नदीहरुमा ककरु खोला, यारी खोला, राँकुली, बरुवा खोला, अँधेरी, बहादुरा खोला र रसुवा खोला सहायक खोलाको रुपमा रहेका छन् भने सुनकोसी, सप्तकोसी र कमला नदी सिमाना नदीको रुपमा रहेका छन् । यस जिल्लाको जलभण्डारको रुपमा यिनै साना पोखरी, नदीनाला र सतह पानी मात्र हुन । पानीको उपयोगिताको सन्दर्भमा यस जिल्लाका नदीनालाहरुबाट सीमित रुपमा सिंचाइ कार्यमा उपयोग गरिएको छ । यस बाहेक अन्य कार्यमा उपयोग गर्न सकिएको छैन । यी खोला तथा नदीहरुको जलाधार क्षेत्रमा वन विनास बढ्न गएको र त्यसको उचित संरक्षण हुन नसकेको हुँदा यी नदीहरुले ज्यादै धेरै मात्रामा नदी कटान गर्न थालेका हुँदा यस जिल्लाको सबभन्दा ठुलो समस्या नै नदी कटान देखिन थालेको छ ।

१.६ प्राकृतिक वन तथा वनस्पति

जिल्लाका क्षत्रफल २,२७,२०० हक्टरमध्ये जंगल र घासपाते ढाकेका क्षेत्र करिब १,६३,००० हेक्टर छ । जिल्लाका खास जंगल त्रियुगाका खोच र उपत्यका र नेपालटार तथा तावा खोलाका उत्तर दक्षिणमा रहेका पहाडी क्षेत्रमा छ । जिल्लाका वन वनस्पतीलाई मोटामोटी रुपमा दुइ भागमा विभाजन गर्न सकिन्छ । अ) उष्ण प्रदेश जंगल आ) समशीतोष्ण मनसुनी वन

अ) उष्ण प्रदेश जंगल

चुरे चर तथा भित्री मधेश भागमा पाइने यस किसिममा वनमा साल समूहका रुखहरु ज्यादा पाइन्छन । नदी किनारमा खयर र सिसा पाइन्छ । यस किसिमका वनमा पाइने मूख्य वनस्पती साल हो र त्यसका साथ यहाँ असना, कमी, टुन, बोटे, हरौं, बरौं धँगेरो, बाँझी, जामुन, खयर, सिसा र सिमल आदि हन् । यहाँ पाइने बाँस पहाडी भागमा पाइने बाँसभन्दा केही मोटा र ठूला हुन्छन । करिब १,२०० मिटर भन्दामुनि यस्ता वन पाइन्छन तापनि झण्ड ६०० मिटरसम्म मिश्रित पतझड वन ज्यादा पाइन्छ जहाँ साल र सल्ला दुवै केही मात्रामा पाइन्छ । उष्ण सदावहार वन करिब ६०० मिटर भन्दा कम उचाइ रहेका भू -भागमा ज्यादा पाइन्छ । यस जिल्लामा मिश्रित पतझड वन ज्याद कम छन ।

आ) समशीतोष्ण मनसुनी वन

महाभारत पहाडका करिब १,२०० मिटर भन्दा माथि र करिब २,१०० मिटरसम्मका भू-भागमा सदावहार तथा पतझड मनसुनी वन पाइन्छ । जिल्लाका अधिकांश पुराना बसोबास त्यही भू-भागमा केन्द्रीत भएका हुँदा यस्ता वनहरु निकै कम छन र जति छन पातला भइ सकेका छन । पतझड किसिमका वनमा खासगरी चिलाउने र धाले कटुसका वन पाइन्छ । त्यसका अतिरिक्त अमला, महवा आदि पनि पाइन्छन ।

१.७ प्रमुख पर्यटकीय, ऐतिहासिक तथा अन्य स्थानहरु

१.७.१ पर्यटकीय क्षेत्र

यस जिल्लामा केही मात्रामै भए पनि पर्यटकीय क्षेत्रहरु रहेका छन् । तीमध्ये केही ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक महत्वका पर्यटकीय क्षेत्र छन् भने केही ऐतिहासिक एवं अन्य पर्यटकीय क्षेत्रहरु रहेका छन् । यस जिल्लाका केही प्रमुख पर्यटकीय स्थलहरु निम्नानुसार रहेका छन ।

(क) त्रिवेणी मेला (ख) उदयपुर सिमेन्ट फ्याक्ट्री (ग) ताप्ली पोखरी
(घ) चौदण्डी दरबार (ङ) उदयपुरगढी (च) रौता पोखरी (छ) गिद्धगया
(ज) बेलका दरबार (भग्नावशेष) (झ) राजदह (ञ) पातले छाँगो (ट) चित्रेथाम

१.७.२ धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरु

रौता भगवती, पञ्चावती मन्दिर, चौदण्डी शिवालय, इन्द्रेश्वर महादेव ढिम्की, खाट मन्दीर, बागचौरी, असारीको शिवालय, चुरिया माई, राम जानकी मन्दिर, मोतिगडा, शिद्धेश्वर महादेव चुहाडे, गणेश र भगवती मन्दिर, शिव मन्दिर जलजले, राधा कृष्ण मन्दिर गाईघाट, दनुवार जातिको इष्ट देवको मन्दिर कटारी, गुप्तेश्वर महादेवको मन्दिर, ककनी मन्दिर कालीखोला आदि धार्मिक महत्वका स्थलहरु हुन भने चौदण्डीगढी, उदयपुरगढी, बेलकातरी दरवार, खाट बजार, रंग महल, टंकेला गुफा यस जिल्लाका प्रमुख ऐतिहासिक महत्वका स्थलहरु हुन् ।

१.७.३ प्रमुख नदीहरु

सप्तकोसी, रसुवा, त्रियुगा, बरुवा, कंग खोला, द्वार खोला, तावा खोला, वैद्यनाथ खोला, ककरु खोला, बारुवा खोला, कमला खोला आदि प्रमुख हुन ।

१.७.४ प्रमुख ताल/पोखरी

यस जिल्लाका प्रमुख पोखरीहरुमा रौता पोखरी, सुके पोखरी, ताप्ली पोखरी, झिल्के पोखरी, थान पोखरी, जोगिदहको पोखरी आदि हुन ।

१.७.५ प्रमुख व्यापारिक महत्वका ठाउँहरु

यस जिल्लाका प्रमुख व्यापारिक स्थलहरुमा गाईघाट, कटारी, बेल्टार, घुर्मी, जलजले, नेपालटार, मुर्कुची, रामपुर आदि हुन ।

१.८ सहरीकरण तथा बस्ती विकासको स्वरुप

क) सहरीकरण

सदरमुकाम गाईघाटमा सडक तथा विद्युत् आदि सुविधा पुगेपछि सहरीकरण प्रक्रियाले तीव्ररुपमा लिएको छ । सबै सरकारी कार्यालयहरु यहाँ नै रहेका, जिल्लाको अन्य स्थानको तुलनामा शिक्षा, स्वास्थ्यको सुविधा यस स्थानमा उपलब्ध भएको र गाईघाट दिक्तेल राजमार्ग निर्माण र मदन भण्डारी राजमार्ग निर्माण सुरु भएपछि जिल्लाको अन्य भाग तथा छिमेकी जिल्लाबाट समेत यस बजारमा बसाई सराई गर्ने प्रवृत्ति बढेको हो । कटारी ,नेपालटार, गाइघाट, रामपुर ,बसाहा लगायत मदन भण्डारी जोड्ने शहरी बस्तीहरुमा बसोबास तीव्र रुपमा बढिरहेको हुँदा व्यवस्थित नगर योजनाबाट शिक्षा, स्वास्थ्य, बाटो, खानेपानी, ढल निकास इत्यादिको विकास गर्नु पर्ने देखिएको छ ।

ख) बस्ती विकासको स्वरुप र बस्ती श्रृङ्खला

जिल्लाको अधिकांश भाग पहाडी क्षेत्रमा परेको हुँदा धेरै बस्तीहरु पातलो र छरिएर रहेका छन् । ती बस्तीहरुमा पूर्वाधार र अन्य सुविधा पुर्याउन बढी खर्च लाग्ने देखिन्छ । अर्को समयमै पहाडी क्षेत्रको बस्तीहरुमा गुणस्तर शिक्षा, स्वास्थ्य ,बाटो लगायतको पूर्वाधार विस्तार नभएकाले ती भूभागबाट तल्लो समतल भूभागमा तीव्र रुपमा बसाइसराईं भइ रहेको देखिन्छ ।

१.९ जातजाति, भाषा, धर्म

राष्ट्रिय जनगणना २०७८ अनुसार उदयपुर जिल्लामा ८६ वटा जातजाती बसोबास गरेको देखिन्छ । यस जिल्लामा बसोबास गर्ने प्रमूख १० जातजातिहरुमा क्षेत्री (२२.३१%), राई (१६.३५%), मगर (१३.३४%), थारु(

७.६७%), तामाङ (६.८६%), विश्वकर्मा (५.४८%), पहाडी ब्राहमण (४.७९%), नेवाः/नेवार(३.५३%), दनुवार(३.०५%), परियार (२.९१%) रहेका छन । त्यसैगरी यस जिल्लामा हिन्दु धर्म मान्ने ७०.३७%, किराँत १२.९७ %, बुद्ध ११.६८%, क्रिश्चयन २.९५%, प्रकृति १.२२ % र इस्लाम धर्म मान्ने ०.८% रहेका छन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लामा ६० वटा मातृभाषा बोल्ने मानिसहरुको बसोबास रहेको छ । जसमा सबैभन्दा बढी नेपाली मातृभाषा हुने ५१.३ % छन भने मगर ढुट ११.४ %, थारु ७.९६%, चाम्लिङ ६.८६%, तामाङ ५.४५%, मैथली ३.८४%, बान्तवा ३.६३%,राइ १.९२% र नेपाल भाषा/नेवारी १.६७% रहेका छन । मातृभाषा बाहेक अर्को दोस्रो भाषा नभएका ५०.९८% रहेका छन भने दास्रो भाषा नेपाली ३९.९२%, बान्तवा २.१%, चाम्लिङ १.१८%, मगर धुत १.०२%, थारु ०.७% रहेका छन । त्यसै गरी पुर्खाको भाषा नेपाली ४१.९४%, मगर ढुट १२.९१%, थारु ७.९४%, चाम्लिङ ७.४९%, तामाङ ६.७४%, मैथली ३.९७% रहेका छन ।

१.१० स्थानीय तहहरूको आधारभूत विवरण (अवस्थिति, साबिक गाउँपालिका/गा.वि.स., वडा संख्या, अन्य उल्लेखनीय विशेषता केही भए सो)

उदयपुर जिल्लामा ४ वटा नगरपालिका र ४ वटा गाउँपालिका गरी जम्मा ८ वटा स्थानीय तहहरु रहेका छन । यहाँका ४ वटै नगरपालिकाको केन्द्र मदनभण्डारी जोड्ने राजमार्ग अन्तर्गत समतल भूभागमा रहेको छ भने अर्को तर्फ सबै नगरपालिकाले उत्तर दक्षिण छिमेकी जिल्लाको सिमानालाइ जोडेको ५ छ । यी सबै नगरपालिकाले सुनकोशी नदीलाइ छोएको छ । अर्कोतिर यहाँका ४ वटै गाउँपालिकाहरु भौगोलिक रुपमा विकट रहेका छन । उदयपुरगढी गाउँपालिकाले मदनभण्डारी राजमार्गसंगै दक्षिण सिराहा जिल्लाको सिमानासंग जोडिएको छ भने ताप्ली, लिम्चुङबुङ र रौतामाइ गाउँपालिकाले सुनकोशी नदीसंगै उत्तरतर्फको खोटाङ जिल्लासंग सिमाना जोडिएको छ ।

संघियतासंगै शहरी क्षेत्रमा विस्तार भएको यस जिल्लाको साविक गा.वि.स/न.पा., वडा संख्या सम्बन्धि विवरण तलको तालिकामा समावेश गरिएको छ :

स्थानीय तहको नाम	वडा न.	समावश भएका साविक गा.वि.स./ न.पा.हरु	साविक वडा न.
बेलका नगरपालिका	१	तपेश्वरी	४–९
	२	तपेश्वरी	१–३
	३	रामपुर ठोक्सिला	३–६
	४	रामपुर ठोक्सिला	७
	५	रामपुर ठोक्सिला	८,९
		कटुञ्जे ववला	१,२
	६	कटुञ्जे ववला	३–९
	७	मैनामनी	१–८
	८	मैनामनी	९
		रामपुर ठोक्सिला	१
	९	रामपुर ठोक्सिला	२
चौदण्डीगढी नगरपालिका	१	चौदण्डीगढी	१–९
	२	बेल्टार बसाहा नगरपालिका	५ र ६

	३	बेल्टार बसाहा नगरपालिका	९ र १०
	४	बेल्टार बसाहा नगरपालिका	७,८ र ११
	५	सुन्दरपुर	१–९
	६	बेल्टार बसाहा नगरपालिका	२ र ३
	७	बेल्टार बसाहा नगरपालिका	१ र ४
	८	सिद्धिपुर	१–९
	९	हडिया	२,३,४,५ र ६
	१०	हडिया	१,७,८ र ९
त्रियुगा नगरपालिका	१	जोगिदह	१,२–५,७,८
	२	जोगिदह	६,९
		त्रियुगा न.पा.	६
	३	त्रियुगा न.पा.	७
	४	त्रियुगा न.पा.	८
	५	त्रियुगा न.पा.	९,१०
	६	त्रियुगा न.पा.	११
	७	त्रियुगा न.पा.	१२,१३
	८	त्रियुगा न.पा.	१४,१५
	९	त्रियुगा न.पा.	१६,१७
	१०	त्रियुगा न.पा.	१
	११	त्रियुगा न.पा.	२
	१२	त्रियुगा न.पा.	३
	१३	त्रियुगा न.पा.	४,५
	१४	साउने	१–९
	१५	खाँबु	१–९
	१६	जाल्पा चिलाउने	१–९
रौतामाई गाउँपालिका	१	नामेटार गाविस	१–९
	२	भुट्टारगाविस	१–९
	३	लाफागाउँगाविस	१–९
	४	पोखरीगाविस	१–८
	५	आँपटारगाविस	२—७
	६	आँपटार, पोखरी र रौता गाविस	आँपटार १,८,९ पोखरी ९ र रौता ३, ४
	७	रौता	९र५
	८	रौता	१, २, ६, ७ र ८

लिम्चुङबुङ गाउँपालिका	१	बाँस्बोटे गाविस	१–९
	२	ताम्लीछा गाविस	१–९
	३	बाराहा गाविस	१–९
	४	बलम्ता गाविस	१–९
	५	जाँते गाविस	१–९
ताप्ली गाउँपालिका	१	ओख्ले गाविस	१–९
	२	लेखगाउँ गाविस	१–९
	३	इनामे गाविस	१–९
	४	ठानागाउँ गाविस	१–९
	५	रुपाटार गाविस	१–९
कटारी नगरपालिका	१	कटारी नगरपालिका	१–३
	२	कटारी नगरपालिका	४ र ५
	३	कटारी नगरपालिका	६ र ८
	४	कटारी नगरपालिका	७ र ९
	५	कटारी नगरपालिका	१० र ११
	६	रिस्कु गाविस	२, ७, ६, ९
	७	रिस्कु गाविस	१, ३, ४, ५, ८
	८	सिरिसेर लिम्पाटार गाविस	सिरिसे२ देखि ९ र लिम्पाटार ९
	९	लिम्पाटारर सिरिसे गाविस	लिम्पाटार १ देखि ८ र सिरिसे १
	१०	सोरुङ्ग छविसे गाविस	१, २, ३, ४, ५, ६, ८, ९
	११	सोरुङ्ग, हर्देनी र लेखानी गाविस	सोरुङ्ग ७, हर्देनी १,२,३,४,६ र लेखानी ३
	१२	हर्देनीर मयाँखु गाविस	हर्देनी ५,७,८,९ र मयाँखु ४
	१३	मयाँखु गाविस	१, २, ३, ५, ६, ७, ८, ९
	१४	लेखानी गाविस	१, २, ४, ५, ६, ७, ८, ९
उदयपुरगढी गाउँपालिका	१	तावाश्री गाविस	१, २, ३, ४, ५ र ६
	२	तावाश्रीर बर्रे गाविस	तावाश्री७, ८, ९ र बर्रे२,३,४
	३	बर्रेगाविस	१, ५, ६, ७, ८ र ९
	४	डुम्रेगाविस	१, २, ३, ४, ५, ६, ७, ८, ९
	५	पञ्चावती गाविस	१, २, ३, ५, ६, ७, ८ र ९
	६	पञ्चावती गाविस	४
	७	भलायडाडाँ	३ र ९
	८	भलायडाडाँ	१, २, ४, ५, ६, ७ र ८

१.११ स्थानीय तहहरुको आधारभूत विवरण

स्थानीय तहहरुको नाम	सदरमुकाम गाइघाटबाट स्थानीय केन्द्रसम्मको दुरी (वर्ग कि.मी)	क्षेत्रफल (वर्ग कि.मी) #	प्रतिनिधी सभा निर्वाचन क्षेत्र नम्बर	प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर
बेलका नगरपालिका	४५	३४४.७३	१	१
चौदण्डीगढी नगरपालिका	२२	२८३.७८	१	१
त्रियुगा नगरपालिका	०	५४७.४३	१	२
रौतामाइ गाउँपालिका	६५	२०४.०७	२	१
लिम्चुङबुङ गाउँपालिका	६५	१०६.८	२	१
उदयपुरगढी गाउँपालिका	३६	२६९.५	२	१
ताप्ली गाउँपालिका	१०४	११९.११	२	२
कटारी नगरपालिका	५४	४२४.९	२	२

स्रोत : स्थानीय तहहरुको वेभसाईटबाट लिएको

स्थानीयहरुको क्षेत्रफलहरुको योगफल जिल्लाको कुल क्षेत्रफल २०६३ वर्ग कि.मि. भन्दा धेरै बढी रहेको

खण्ड २ : जनसांख्यिक तथा पारिवारिक विवरण

२.१ जनसांख्यिक विवरण

२.१.१ जनसंख्याका विभिन्न पक्षहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार उदयपुर जिल्लाको जनगणना ३४०७२१ रहेको छ २०६८ मा ३,१७,५३२ र २०५८ मा २,८७,६८९, थियो । विगत दश वर्षको अबधिमा समग्र नेपालको जनसंख्या बृद्धिदरमा गिरावट आउदा उदयपुरको जनसंख्या बृद्धिदरमा पनि गिराबट आएको देखिन्छ । २०६८ को जनगणना अनुसार जिल्लामा ०.९९% रहेको बृद्धिदर हाल आएर ०.६८% मा सिमित भएको पाईएको छ । समग्र नेपालको जनसंख्या बृद्धिदर ०.९२% रहेको छ जुन २०६८ सालमा १.३५% रहेको थियो । राष्ट्रिय जनगणना २०७८ उदयपुरमा पुरुष १,६३,७३८ (४८.०६%) र महिला १,७६,९८३ (५१.९४%) रहेको छ । परिवारको औसत आकार पनि बिगत १० बर्षको तुलनामा घटेको देखिन्छ । बितेको दश बर्षको अबधिमा उदयपुरको जनसंख्यामा ७.३० प्रतिशत थप भएको देखिन्छ भने परिवारको संख्यामा २१.८३ प्रतिशत थप भएको देखिन्छ । यसबाट समाजमा परिवारको खण्डिकरण हुने र साना परिवार बन्ने क्रम तिब्र भईरहेको देखिन्छ । नेपालको कुल जनसंख्यामा उदयपुरको हिस्सा १.१६ प्रतिशत रहेको छ भने जनसंख्याको आकारको दृष्टिकोणमा उदयपुर जिल्ला २९ औं स्थानमा तथा जनघनत्बको आधारमा ३९ औं स्थानमा रहेको छ । जनसंख्या सम्बन्धि मुख्य नतिजालाई तलको तालिकामा देखाईएको छ ।

क) जनसंख्या

बिबरण	जम्मा परिवार	जम्मा जनसंख्या	पुरुष	महिला	औसत परिवार संख्या	लैंगिक अनुपात	जनघनत्व	बार्षिक बृद्धिदर
२०५८	५१६०३	२८७६८९	१४३७५६	१४३९३३	५.५८	९९.९	१३९	२.६३%
२०६८	६६५५७	३१७५३२	१४९७१२	१६७८२०	४.७७	८९.२	१५४	१%
२०७८	८१०८९	३४०७२१	१६३७३८	१७६९८३	४.२०	९२.५२	१६५	०.६८%
२०७८ नेपाल	६६६६९३७	२९१६४५७८	१४२५३५५१	१४९११०२७	४.३७	९५.५९	१९८	०.९२%

स्रोत राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

ख) घरपरिवार

राष्ट्रिय जनगणना २०७८ अनुसार उदयपुर जिल्लामा कूल घरपरिवार संख्या ८१,०८९ रहेका छन भने २०६८ मा ६६,५५७ रहेका थिए । विगत एक दशकमा २१.८३ प्रतिशत घरपरिवार थप भएको छ । त्यसैगरि राष्ट्रिय जनगणना २०७८ मा औषत परिवार सदस्य संख्या ४.२० रहेको छ । आठवटा स्थानीय तह रहेको यस जिल्लामा सबैभन्दा बढी जनसंख्या त्रियुगा नगरपालिकामा ३०.१५ प्रतिशत र सबैभन्दा कम लिम्चुङबुङ गाउँपालिकामा २.८४ प्रतिशत रहेको छ ।

क्षेत्र	जम्मा घरपरिवार	जनसंख्या		
		जम्मा	पुरुष	महिला
नेपाल	६६६६९३७	२९१६४५७८	१४२५३५५१	१४९११०२७
कोशी प्रदेश	११९१५५६	४९६१४१२	२४१७३२८	२५४४०८४
उदयपुर जिल्ला	८१०८९	३४०७२१	१६३७३८	१७६९८३

बेलका नगरपालिका	१२१५८	५१०४३	२४४००	२६६४३
चौदण्डीगढी नगरपालिका	१२७०३	५३६३१	२५१५७	२८४७४
त्रियुगा नगरपालिका	२५६२३	१०२७२५	४८४६३	५४२६२
रौतामाई गाउँपालिका	४५७२	२०३२४	९९७३	१०३५१
लिम्चुडबुङ गाउँपालिका	२२२७	९६८९	४७९०	४८९९
ताप्ली गाउँपालिका	२८६२	१३३४४	६६०८	६७३६
कटारी नगरपालिका	१४१०६	५९५०७	२८८६८	३०६३९
उदयपुरगढी गाउँपालिका	६८००	२८९२६	१४०९७	१४८२९
संस्थागत	३८	१५३२	१३८२	१५०

स्रोत राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

ग) ग्रामिण तथा शहरी जनसंख्या

क्षेत्र	जम्मा घरपरिवार	जनसंख्या			
		जम्मा	जम्मा %	पुरुष	महिला
नेपाल	**६६६६९३७**	**२९१६४५७८**	**१००**	**१४२५३५५१**	**१४९११०२७**
शहरी क्षेत्र/नगरपालिका	४४७९६६२	१९२९६७८८	६६।१७	९४५४५४५	९८४२२४३
ग्रामिण क्षेत्र/गाउँपालिका	२१८७२७५	९८६७७९०	३३।८३	४७९९००६	५०६८७८४
उदयपुर जिल्ला	**८१०८९**	**३४०७२१**	**१००**	**१६३७३८**	**१७६९८३**
उदयपुरका नगरपालिका	६४६२४	२६८४२३	७८।७८	१२८२५८	१४०१६५
उदयपुरका गाउँपालिका	१६४६५	७२२९८	२१।२२	३५४८०	३६८१८

स्रोत राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

घ) जनगणनाका बिभिन्न बर्षहरुमा उदयपुरको जनसंख्या

समय	२०२८	२०३८	२०४८	२०५८	२०६८	२०७८
जनसंख्या	११२६२२	१५९८०५	२२१२५६	२८७६८९	३१७५३२	३४०७२१

२.१.२ उमेर लिङ्ग समुह अनुसार जनसंख्या

क) स्थानिय तह अनुसार उमेर लिङ्ग समुह अनुसार जनसंख्या

उमेर तथा लिंग अनुसार जनसंख्या बनावटको तलको तालिकाको अध्ययनबाट उदयपुरमा लैंगिक अनुपातमा ठुलो असन्तुलन देखिन्छ । पुरुष र महिला बिचको जनसंख्याको अन्तर बिशेष गरी युवा उमेर २०-२४ मा उल्लेख्य रुपमा देख्न सकिन्छ । यस उमेर समुहमा प्रति सय महिला बराबर केबल ८४ जना पुरुष पर्न आउने देखिन्छ जुन सामाजिक तथा लैंगिक सन्तुलनका दृष्टिकोणले अति संबेदनशिल देखिन्छ । यसको मूल कारणको रुपमा भने उक्त उमेर समुहका धेरै पुरुष युवाहरु बैदेशिक रोजगारीमा जानु रहेको छ । त्यस्तै शुरुको उमेर समूहमा (१४ बर्ष मुनि सम्म) पूरुष जनसंख्या बढि देखिन्छ भने ७० बर्षभन्दा माथिको उमेर समुहमा पुरुषको तुलनामा महिला जनसंख्या बढ्दो देखिन्छ । यसबाट पुरुष भन्दा महिलाहरु बढि उमेर सम्म जीबित रहेको देखिन्छ ।

उदयपुर जिल्ला

उमेर समुह	जनसंख्या		
	जम्मा	पुरुष	महिला
कूल जम्मा	**३४०७२१**	**१६३७३८**	**१७६९८३**
00-04 बर्ष	२७७३१	१४३८४	१३३४७
05-09 बर्ष	३२८२९	१६९८०	१५८४९
10-14 बर्ष	३४९३६	१७५६३	१७३७३
15-19 बर्ष	३५९८९	१७९६६	१८०२३
20-24 बर्ष	३१५५९	१४४४८	१७१११
25-29 बर्ष	२७६५६	१२१५१	१५५०५
30-34 बर्ष	२४६६६	१०८९८	१३७६८
35-39 बर्ष	२२९३५	१०४४१	१२४९४
40-44 बर्ष	१९२९९	८७८१	१०५१८
45-49 बर्ष	१६५४६	७८६१	८६८५
50-54 बर्ष	१७७५८	८६१६	९१४२
55-59 बर्ष	१२९८०	६४१९	६५६१
60-64 बर्ष	११५३७	५५२९	६००८
65-69 बर्ष	९१४६	४४५८	४६८८
70-74 बर्ष	७०९९	३३३९	३७६०
75-79 बर्ष	४४४०	२१३७	२३०३
80-84 बर्ष	१९९९	१०१८	९८१
85-89 बर्ष	१०७७	५३९	५३८
90-94 बर्ष	३७३	१५३	२२०
95+ बर्ष	१६६	५७	१०९

बेलका नगरपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	५१०४३	२४४००	२६६४३
00-04 बर्ष	४१६५	२१३७	२०२८
05-09 बर्ष	५०३९	२६०१	२४३८
10-14 बर्ष	५०३१	२५८५	२४४६
15-19 बर्ष	५२६३	२६०८	२६५५
20-24 बर्ष	४७६२	२१५७	२६०५
25-29 बर्ष	४२६४	१८३६	२४२८
30-34 बर्ष	३७०४	१६४६	२०५८
35-39 बर्ष	३४७९	१६०४	१८७५
40-44 बर्ष	२८६२	१२७०	१५९२

45-49 बर्ष	२३७९	११०५	१२७४
50-54 बर्ष	२६३१	१२७९	१३५२
55-59 बर्ष	१९१६	९१८	९९८
60-64 बर्ष	१६९५	७८९	९०६
65-69 बर्ष	१४२६	७२२	७०४
70-74 बर्ष	१०९९	५१२	५८७
75-79 बर्ष	७५८	३५३	४०५
80-84 बर्ष	३०७	१५४	१५३
85-89 बर्ष	१७६	९१	८५
90-94 बर्ष	५९	२४	३५
95+ बर्ष	२८	९	१९

चौदण्डीगढी नगरपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	५३६३१	२५१५७	२८४७४
00-04 बर्ष	४१५४	२१४०	२०१४
05-09 बर्ष	४८८१	२४७१	२४१०
10-14 बर्ष	५१५५	२५३२	२६२३
15-19 बर्ष	५६५८	२८०९	२८४९
20-24 बर्ष	४९१९	२१९१	२७२८
25-29 बर्ष	४१९५	१७६४	२४३१
30-34 बर्ष	३८०७	१६२८	२१७९
35-39 बर्ष	३५५६	१५८५	१९७१
40-44 बर्ष	३१५७	१३९८	१७५९
45-49 बर्ष	२६२२	१२३२	१३९०
50-54 बर्ष	२९२२	१३९८	१५२४
55-59 बर्ष	२११४	१००४	१११०
60-64 बर्ष	२०३४	८९५	११३९
65-69 बर्ष	१६२०	७८९	८३१
70-74 बर्ष	१२६५	५८९	६७६
75-79 बर्ष	८१३	३७३	४४०
80-84 बर्ष	४०९	१९९	२१०
85-89 बर्ष	२२५	११४	१११
90-94 बर्ष	८४	३२	५२
95+ बर्ष	४१	१४	२७

त्रियुगा नगरपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	१०२७२५	४८४६३	५४२६२
00-04 बर्ष	८२०२	४३७४	३८२८
05-09 बर्ष	९९४९	५२७३	४६७६
10-14 बर्ष	१०२६०	५२०९	५०५१
15-19 बर्ष	१०५३०	५२३९	५२९१
20-24 बर्ष	९३५६	४०१३	५३४३
25-29 बर्ष	८५६०	३४९६	५०६४
30-34 बर्ष	८०४२	३२७७	४७६५
35-39 बर्ष	७२२२	३०९७	४१२५
40-44 बर्ष	६०८७	२७२७	३३६०
45-49 बर्ष	५२२८	२४४२	२७८६
50-54 बर्ष	५३८३	२६२८	२७५५
55-59 बर्ष	३७८६	१९१५	१८७१
60-64 बर्ष	३२८९	१५६८	१७२१
65-69 बर्ष	२५९६	१२२७	१३६९
70-74 बर्ष	२०१८	९१०	११०८
75-79 बर्ष	१२२०	५८९	६३१
80-84 बर्ष	५६२	२८०	२८२
85-89 बर्ष	२९०	१४१	१४९
90-94 बर्ष	१०७	४४	६३
95+ बर्ष	३८	१४	२४

रौतामाइ गाउपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	२०३२४	९९७३	१०३५१
00-04 बर्ष	१८१७	९५५	८६२
05-09 बर्ष	२०१२	१००५	१००७
10-14 बर्ष	२२६२	११०८	११५४
15-19 बर्ष	२३४८	११८०	११६८
20-24 बर्ष	१९१७	९१५	१००२
25-29 बर्ष	१५२७	७६१	७६६
30-34 बर्ष	१२३१	५७८	६५३
35-39 बर्ष	११४७	५२९	६१८

40-44 बर्ष	१०७८	५१०	५६८
45-49 बर्ष	९८१	४५३	५२८
50-54 बर्ष	११०९	५२६	५८३
55-59 बर्ष	७७९	३८७	३९२
60-64 बर्ष	७१५	३४२	३७३
65-69 बर्ष	५४४	२८२	२६२
70-74 बर्ष	४०५	२०५	२००
75-79 बर्ष	२३९	१३३	१०६
80-84 बर्ष	१२३	६५	५८
85-89 बर्ष	५४	२८	२६
90-94 बर्ष	२५	९	१६
95+ बर्ष	११	२	९

लिम्चुङबुङ गाउपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	९६८९	४७९०	४८९९
00-04 बर्ष	८९५	४४८	४४७
05-09 बर्ष	९०६	४६६	४४०
10-14 बर्ष	१०६१	५२९	५३२
15-19 बर्ष	११२१	५५५	५६६
20-24 बर्ष	८७६	४४८	४२८
25-29 बर्ष	६९९	३३७	३६२
30-34 बर्ष	६०५	२९१	३१४
35-39 बर्ष	५००	२२९	२७१
40-44 बर्ष	४४८	२०४	२४४
45-49 बर्ष	४६४	२०८	२५६
50-54 बर्ष	५०१	२५८	२४३
55-59 बर्ष	४३९	२०७	२३२
60-64 बर्ष	४०४	२०५	१९९
65-69 बर्ष	२९२	१५४	१३८
70-74 बर्ष	२२०	११०	११०
75-79 बर्ष	१५६	८३	७३
80-84 बर्ष	६६	४०	२६
85-89 बर्ष	२०	१३	७
90-94 बर्ष	११	५	६
95+ बर्ष	५	०	५

ताप्ली गाउपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	१३३४४	६६०८	६७३६
00-04 बर्ष	१०७१	५३२	५३९
05-09 बर्ष	१३९५	७३९	६५६
10-14 बर्ष	१५९०	७८७	८०३
15-19 बर्ष	१६०७	८२२	७८५
20-24 बर्ष	१२०१	५७७	६२४
25-29 बर्ष	९९५	४८३	५१२
30-34 बर्ष	७७७	३६९	४०८
35-39 बर्ष	७४४	३५४	३९०
40-44 बर्ष	६७७	२९७	३८०
45-49 बर्ष	६२०	३०८	३१२
50-54 बर्ष	६७७	३४०	३३७
55-59 बर्ष	५६३	२८२	२८१
60-64 बर्ष	४६१	२४५	२१६
65-69 बर्ष	४००	१९४	२०६
70-74 बर्ष	२५९	१२७	१३२
75-79 बर्ष	१६१	८४	७७
80-84 बर्ष	८५	४०	४५
85-89 बर्ष	३७	१६	२१
90-94 बर्ष	१६	८	८
95+ बर्ष	८	४	४

कटारी नगरपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	५९५०७	२८८६८	३०६३९
00-04 बर्ष	४८३७	२४८५	२३५२
05-09 बर्ष	५८५०	२९७९	२८७१
10-14 बर्ष	६४२१	३२१५	३२०६
15-19 बर्ष	६३६०	३१७३	३१८७
20-24 बर्ष	५४४३	२५२३	२९२०
25-29 बर्ष	५००२	२२३४	२७६८
30-34 बर्ष	४४५९	२०५०	२४०९
35-39 बर्ष	४२२०	१९२५	२२९५
40-44 बर्ष	३२९०	१५६२	१७२८
45-49 बर्ष	२७३५	१३७१	१३६४
50-54 बर्ष	२९१७	१४१०	१५०७

55-59 बर्ष	२१८२	११०२	१०८०
60-64 बर्ष	१९१२	९६५	९४७
65-69 बर्ष	१४४७	६८६	७६१
70-74 बर्ष	११९४	५८४	६१०
75-79 बर्ष	७२३	३५२	३७१
80-84 बर्ष	२७२	१३९	१३३
85-89 बर्ष	१७१	८२	८९
90-94 बर्ष	४९	२२	२७
95+ बर्ष	२३	९	१४

उदयपुरगढी गाउपालिका

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	२८९२६	१४०९७	१४८२९
00-04 बर्ष	२५७८	१३०८	१२७०
05-09 बर्ष	२७८४	१४४०	१३४४
10-14 बर्ष	३१२७	१५७०	१५५७
15-19 बर्ष	३०८१	१५५९	१५२२
20-24 बर्ष	२६८४	१२६७	१४१७
25-29 बर्ष	२११७	९९१	११२६
30-34 बर्ष	१७८१	८२०	९६१
35-39 बर्ष	१७४२	८०९	९३३
40-44 बर्ष	१५९०	७०४	८८६
45-49 बर्ष	१४७७	७०५	७७२
50-54 बर्ष	१६०६	७६६	८४०
55-59 बर्ष	११९६	५९९	५९७
60-64 बर्ष	१०२२	५१५	५०७
65-69 बर्ष	८२०	४०४	४१६
70-74 बर्ष	६३८	३०१	३३७
75-79 बर्ष	३७०	१७०	२००
80-84 बर्ष	१७५	१०१	७४
85-89 बर्ष	१०४	५४	५०
90-94 बर्ष	२२	९	१३
95+ बर्ष	१२	५	७

संस्थागत

उमेर समुह	जम्मा	पुरुष	महिला
कूल जम्मा	१५३२	१३८२	१५०
00-04 बर्ष	१२	५	७
05-09 बर्ष	१३	६	७
10-14 बर्ष	२९	२८	१
15-19 बर्ष	२१	२१	०
20-24 बर्ष	४०१	३५७	४४
25-29 बर्ष	२९७	२४९	४८
30-34 बर्ष	२६०	२३९	२१
35-39 बर्ष	३२५	३०९	१६
40-44 बर्ष	११०	१०९	१
45-49 बर्ष	४०	३७	३
50-54 बर्ष	१२	११	१
55-59 बर्ष	५	५	०
60-64 बर्ष	५	५	०
65-69 बर्ष	१	०	१
70-74 बर्ष	१	१	०
75-79 बर्ष	०	०	०
80-84 बर्ष			
85-89 बर्ष			
90-94 बर्ष			
95+ बर्ष			

स्रोत राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

उदयपुर जिल्लामा १५ वर्ष देखि ५९ वर्ष उमेर समुहको जनसंख्या ६१.४५ प्रतिशत भन्दा माथि रहेको छ । त्यसैगरि १५ वर्ष मुनिका बालबालिका २८ प्रतिशत र ६० वर्ष वा सोभन्दा माथिका जनसंख्या १०.५२ प्रतिशत रहेको छ । यसरी यस जिल्लाको आश्रित जनसंख्या ३८.५५ प्रतिशत रहेको छ भने आर्थिक रुपमा सक्रिय रहेको जनसंख्या ६१ प्रतिशत भन्दा बढी रहेको छ।

उमेर समूह	जम्मा		पुरुष		महिला	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१५ वर्ष मुनिका बालबालिका	९५४९६	२८।०३	४८९२७	२९।८८	४६५६९	२६।३१
१५ वर्षदेखि ५९ वर्षसम्म	२०९३८८	६१।४५	९७५८१	५९।६०	१११८०७	६३।१७
६० वर्ष वा सो भन्दा माथि	३५८३७	१०।५२	१७२३०	१०।५२	१८६०७	१०।५१

यस प्रकार जनसांख्यिक लाभांशको रुपमा आर्थिक रुपमा सक्रिय जनसंख्याको संख्या धेरै भएकाले यी सक्रिय जनसंख्यालाइ उदयपुर जिल्ला र समग्र मुलुकको विकासमा सदुपयोग गर्न सकेको अवस्थामा यस जिल्लाको साथै समग्र मुलुककै आर्थिक अवस्था सुदृढ हुन सक्छ । यसका लागि संघ , प्रदेश तथा स्थानीय तीनवटै सरकारले समयमै यी सक्रिय जनसंख्यालाइ विकास निर्माण तथा अन्य रोजगारीका क्षेत्रको काममा परिचालन गर्नु आवश्यक देखिन्छ ।


२.१.३ जनसंख्या पिरामिड

जनसंख्या संरचनाको महत्वपुर्ण पक्ष भनेको बर्तमान समयमा बालबालिका र बृद्धको तुलनामा युवा समुहको अनुपात बढ्दै गएको देखिन्छ । खासमा भन्दा नेपालको जनसंख्या बर्तमान समयमा जनसंख्या लाभांसको स्थिति (Stage of Demographic Divident) मा आईपुगेको छ । हाल शुरुको उमेर समुहको जनसंख्या घटेको तथा ठूलो जनसंख्या युवा उमेर समुहमा प्रबेश गरिरहेको अबस्थामा आश्रित जनसंख्या घटेको तथा श्रम तथा अर्थ उपार्जन गर्न सक्ने युवा जनसंख्या सापेक्षिक रुपमा बढ्दै गएको छ ।


त्यसैगरि सबैभन्दा बढी जनसंख्या १५ देखि १९ वर्ष उमेर समुहको रहेको देखिन्छ भने १५ वर्षभन्दा मुनिका उमेर समूहका जनसंख्या क्रमशः घट्दै गइरहेको देखिन्छ । यसले अगामी ४०/५० वर्षमा वृध्दको जनसंख्या बढ्दै जाने, आर्थिक रुपमा सक्रिय जनसंख्या घट्दै जाने तथा दीर्घकालमा आश्रित जनसंख्या धेरै भएर समग्र मुलुककै लागि आर्थिक रुपमा जोखिम हुन सक्ने देखिन्छ । तसर्थ जनसांख्यिक लाभाशंको रुपमा रहेको हालको यूवा जनशक्तिलाइ मुलुकको आर्थिक उत्पादनका क्रियाकलापमा परिचालन गरि द्रुत आर्थिक वृद्दि गरि यस उदयपुर जिल्ला र समग्र मुलुकलाइ विकसित बनाउनका लागि यूवा परिचालन, यूवा स्वरोजगार, यूवा उधमशीलताका लागि संघ, प्रदेश र स्थानीय सरकारले उपयुक्त नीति, योजना र कार्यक्रम बनाउनु आवश्यक रहेको देखिन्छ ।

जनसंख्या पिरामिड, उदयपुर (२०७८)

(बाँया तर्फ पुरुष तथा दाँया तर्फ महिला)



जनसंख्या पिरामिड, उदयपुर (२०६८)



स्रोत राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

२.१.४ वार्ड अनुसार जनसंख्या, लिङ्ग, औषत परिवार आकार, लैङ्गिक अनुपात र साक्षरता

वार्ड	परिवार संख्या	जनसंख्या			औषत परिवार आकार	लैङ्गिक अनुपात	साक्षरता प्रतिशत		
		जम्मा	पुरुष	महिला			जम्मा	पुरुष	महिला
बेलका नगरपालिका									
सबै वडा	१२१५८	५१०४३	२४४००	२६६४३	४।२०	९१।५८	७७।४८	८४।१७	७१।४२
१	१२९२	५३९६	२५०३	२८९३	४।१८	८६।५२	७७।०३	८४।३७	७०।७१
२	१८४५	७७०६	३७११	३९९५	४।१८	९२।८९	७८।२४	८५।७६	७१।३०
३	१८४६	७४८३	३५८७	३८९६	४।०५	९२।०७	७३।७३	८२।२२	६६।०७
४	११७७	४६४४	२१२६	२५१८	३।९५	८४।४३	७६।८४	८२।३६	७२।२७
५	१७६७	७५१५	३५७३	३९४२	४।२५	९०।६४	७८।८४	८५।१६	७३।२३
६	९८९	४४८२	२२३८	२२४४	४।५३	९९।७३	७७।६४	८२।७६	७२।६०
७	६१८	२९३९	१४०५	१५३४	४।७६	९१।५९	७५।६१	८१।५२	७०।१६
८	१२४३	५३१४	२५९२	२७२२	४।२८	९५।२२	७८।२८	८४।९२	७२।००
९	१३८१	५५६४	२६६५	२८९९	४।०३	९१।९३	८०।७०	८६।४०	७५।५४
चौदण्डीगढी नगरपालिका									
सबै वडा	१२७०३	५३६३१	२५१५७	२८४७४	४।२२	८८।३५	७७।७०	८४।७२	७१।६०
१	७७३	३४४२	१६९१	१७५१	४।४५	९६।५७	७२।४५	७८।१७	६६।९४
२	११४४	५१३८	२३७८	२७६०	४।४९	८६।१६	७५।७५	८२।७९	६९।८१
३	१०००	४०१६	१८५३	२१६३	४।०२	८५।६७	७९।२६	८४।६२	७४।६७

४	१६६८	६९३६	३२३०	३७०६	४।१६	८७।१६	८०।११	८६।४१	७४।७२
५	१५२३	६३५९	२९९९	३३६०	४।१८	८९।२६	७४।४३	८१।९८	६७।८६
६	१३५२	५५५०	२६१०	२९४०	४।११	८८।७८	८२।४१	८९।३२	७६।४८
७	१४२७	६११७	२८८१	३२३६	४।२९	८९।०३	८३।६५	९०।३४	७७।७४
८	८६१	३७२९	१७७१	१९५८	४।३३	९०।४५	७५।१५	८१।४९	६९।४७
९	१८०६	७५४६	३५३९	४००७	४।१८	८८।३२	७४।८०	८३।३३	६७।३९
१०	११४९	४७९८	२२०५	२५९३	४।१८	८५।०४	७६।४८	८५।०५	६९।२२
त्रियुगा नगरपालिका									
सबै वडा	२५६२३	१०२७२५	४८४६३	५४२६२	४।०१	८९।३१	८०।०३	८६।९१	७४।०१
१	११२६	४६५८	२१८२	२४७६	४।१४	८८।१३	७२।८५	८१।३३	६५।६३
२	१४१७	५८३०	२७४४	३०८६	४।११	८८।९२	७९।४८	८७।३३	७२।६५
३	२५१५	९९९७	४६९२	५३०५	३।९७	८८।४४	८२।८९	८९।५९	७७।०७
४	१४१२	५६६६	२६१३	३०५३	४।०१	८५।५९	७८।०९	८५।९८	७१।४३
५	१७४१	६९८३	३३१७	३६६६	४।०१	९०।४८	७८।९१	८४।१८	७४।१७
६	२१४४	८८२०	४२६४	४५५६	४।११	९३।५९	७९।४६	८७।९२	७१।७२
७	१६८५	६७३३	३१४७	३५८६	४।००	८७।७६	७७।२७	८४।९९	७०।६६
८	१३७२	५४६८	२५५९	२९०९	३।९९	८७।९७	७५।१९	८३।२५	६८।२९
९	१३७३	५५७५	२६२०	२९५५	४।०६	८८।६६	७१।४८	७८।४२	६५।५३
१०	२१२५	८२६५	३८८४	४३८१	३।८९	८८।६६	८३।५२	८९।७०	७८।१३
११	२९७३	११४००	५३३५	६०६५	३।८३	८७।९६	८९।९३	९५।२३	८५।३७
१२	१८८२	७९०७	३७७०	४१३७	४।२०	९१।१३	८२।१७	८८।७४	७६।३०
१३	१६३८	६३८६	२९८२	३४०४	३।९०	८७।६०	७७।७६	८४।९५	७१।६६
१४	५९०	२३१२	१११२	१२००	३।९२	९२।६७	८१।२०	८५।९२	७६।८८
१५	८०७	३५४१	१७३६	१८०५	४।३९	९६।१८	७७।५३	८३।७८	७१।५८
१६	८२३	३१८४	१५०६	१६७८	३।८७	८९।७५	७४।८४	८१।८२	६८।६९
रौतामाइ गाउँपालिका									
सबै वडा	४५७२	२०३२४	९९७३	१०३५१	४।४५	९६।३५	७४।६२	८१।१९	६८।३६
१	४१६	१९६६	९६९	९९७	४।७३	९७।१९	७२।२५	७७।४२	६७।२९
२	५९०	२६२७	१२६७	१३६०	४।४५	९३।१६	७४।९५	८०।७७	६९।५७
३	५१०	२३१७	१११६	१११९	४।५४	९४।५४	७१।७६	७६।१७	६७।७०
४	५३५	२३४६	१११२	१११४	४।३९	९६।४८	७५।३४	८२।८३	६८।१२
५	५७७	२५०५	१२१२	१२९३	४।३४	९३।७४	७३।३४	८१।४१	६५।८८
६	३९८	१६५६	८०८	८४८	४।१६	९५।२८	७१।८२	७८।८०	६५।०८
७	१०६४	४६०६	२२८३	२३२३	४।३३	९८।२८	७८।९६	८५।९६	७२।२०
८	४८२	२३०१	११५६	११४५	४।७७	१००।९६	७३।०४	८०।०२	६६।२२
लिम्चुङबुङ गाउँपालिका									
सबै वडा	२२२७	९६८९	४७९०	४८९९	४।३५	९७।७८	७२।९७	८०।५४	६५।५९
१	४१२	१७६२	८८३	८७९	४।२८	१००।४६	७६।५९	८४।३०	६८।८५
२	४१०	१५७८	७७२	८०६	३।८५	९५।७८	७१।९४	८१।१५	६३।१२
३	५३९	२६१०	१२८६	१३२४	४।८४	९७।१३	७४।३३	८२।३३	६६।४७

४	४५६	१९९६	१००६	९९०	४।३८	१०१।६२	७०।८४	७९।१६	६२।५१
५	४१०	१७४३	८४३	९००	४।२५	९३।६७	७०।७१	७४।९३	६६।७९
ताप्ली गाउँपालिका									
सबै वडा	२८६२	१३३४४	६६०८	६७३६	४।६६	९८।१०	७४।७१	८१।०४	६८।५०
१	५३४	२६५८	१३११	१३४७	४।९८	९७।३३	७३।७८	७९।७४	६७।९०
२	४७४	२११२	१०२८	१०८४	४।४६	९४।८३	८३।५३	८८।३५	७८।९८
३	६२७	२९४५	१४२९	१५१६	४।७०	९४।२६	७४।८५	८१।४८	६८।६३
४	४९५	२३९२	१२०६	११८६	४।८३	१०१।६९	७०।४९	७५।८२	६५।१०
५	७३२	३२३७	१६३४	१६०३	४।४२	१०१।९३	७२।६८	८०।९३	६४।३०
कटारी गाउँपालिका									
सबै वडा	१४१०६	५९५०७	२८८६८	३०६३९	४।२२	९४।२२	७४।५६	८१।४०	६८।१८
१	१००३	४२३४	२०६५	२१६९	४।२२	९५।२१	७५।३१	८१।६३	६९।३८
२	११९८	५०२६	२४०४	२६२२	४।२०	९१।६९	७४।९७	८२।०६	६८।६४
३	१५८६	६३८५	३१२२	३२६३	४।०३	९५।६८	७९।७१	८६।४४	७३।३३
४	२६१०	१०३७८	४९९६	५३८२	३।९८	९२।८३	८२।००	८७।६०	७६।८७
५	१८२४	७७६७	३७०२	४०६५	४।२६	९१।०७	७३।७२	८१।५८	६६।६४
६	८५३	३५०७	१६२७	१८८०	४।११	८६।५४	७१।३३	८०।००	६४।०२
७	११६८	४४५३	२१०८	२३४५	३।८१	८९।८९	६९।२६	७७।७०	६१।७६
८	८३२	४३६९	२१३९	२२३०	५।२५	९५।९२	७१।५०	७८।८१	६४।४८
९	५३१	२४०२	११६२	१२४०	४।५२	९३।७१	६७।८५	७३।९३	६२।१२
१०	६६८	३०२५	१५३४	१४९१	४।५३	१०२।८८	७१।५६	७७।६८	६५।२८
११	३७४	१७१८	८५१	८६७	४।५९	९८।१५	७८।२२	८३।१२	७३।४२
१२	४७४	१९५६	९६६	९९०	४।१३	९७।५८	६७।९६	७५।२५	६०।७९
१३	४३३	१९६४	९८३	९८१	४।५४	१००।२०	६६।३२	७२।८३	५९।७६
१४	५५२	२३२३	१२०९	१११४	४।२१	१०८।५३	६९।२८	७६।३४	६१।७२
उदयपुरगढी गाउँपालिका									
सबै वडा	६८००	२८९२६	१४०९७	१४८२९	४।२५	९५।०६	७३।९९	८१।७०	६६।७३
१	८८६	३९३४	१९६०	१९७४	४।४४	९९।२९	६९।२३	७५।९१	६२।६२
२	५६२	२३८०	११५४	१२२६	४।२३	९४।१३	६८।३३	७५।७६	६१।३२
३	६१३	२७५०	१३१८	१४३२	४।४९	९२।०४	७१।८७	८१।५३	६३।१०
४	४६५	१९८४	९५६	१०२८	४।२७	९३।००	७९।१५	८८।५५	७०।४७
५	९४३	३७७५	१८१६	१९५९	४।००	९२।७०	७३।७२	८१।५५	६६।५०
